

# विश्व



### साही समलिंगी

बेलायती महारानी एलिजाबेथका काकातर्फको भाइ ५३ वर्षीय लर्ड आइबर माउन्टवेटन (बायाँ) र उनका वोइफ्रन्ड जेम्स कोयल। उनीहरूबीच यस ग्रिष्मको अन्त्यसम्ममा विवाह हुने बताइएको छ। बेलायती साही परिवारमा हुन लागेको यो पहिलो समलिंगी विवाह हो।



### नभनेर प्रचार

पाकिस्तानमा जुलाइ २५ मा हुन गइरहेको आमचुनाव लड्न लागेकी नुर जहाँ। नुर जहाँले आफ्ना ठुलोबुबाका छोरा बलिवुड स्टार साहरुख खानलाई चुनाव प्रचारका लागि नभन्ने बताएकी छिन्।



विश्व २ मिनेट

## इन्डोनेसिया

### डुँगा दुर्घटना

जाकर्ता, (एजेन्सी)

इन्डोनेसियाली उद्धारकर्ताहरूले सुमात्राको एउटा तालमा डुंगा पल्टिँदा हराइरहेका एक सय जनाभन्दा बढी मानिसको मंगलबार व्यापक खोजी गरिरहेका छन्। विश्वकै अत्यन्तै गहिरो तालहरूमध्ये एक मानिने तथा पर्यटकहरूको लोकप्रिय गन्तव्य लेक टोबाबाट अहिलेसम्म अठारजनालाई जीवित उद्धार गरिएको प्रहरीले जनाएको छ। करिब ६० जना मात्र यात्रु क्षमता रहेको सो डुंगामा करिब १ सय ३० व्यक्ति सवार रहेको सरकारी अधिकारीहरूले बताएका छन्। सुरक्षा व्यवस्थामा बढी लापरवाही हुने गरेका कारण इन्डोनेसियामा पटकपटक यस्ता दुर्घटना हुने गरेका छन्।

## अफगानिस्तान

### शान्तिको आशा

काबुल, (एजेन्सी)

अफगानिस्तान सरकारले गत शनिबार घोषणा गरेको तालिबानसँगको एकतर्फी युद्धविराम लगत्तै तालिबानले पनि त्यसको भोलिपल्टैबाट युद्धविराम घोषणा गरेको थियो। तर तालिवान लडाकूहरूले आइतबार राति सकिएको युद्धविरामको समयावधि बढाउन भने मानेनन्। त्यसको विपरीत सरकारले भने आइतबार राति सकिएको सो अवधि थप तीन दिन बढायो। तर तिनीहरूले इदका लागि भन्दै तीनदिने युद्धविरामको घोषणा गर्नुलाई पनि अफगानिस्तानमा एक आश्चर्यजनक रूपमा आएको निर्णयका रूपमा लिइएको छ। अफगानिस्तानका राष्ट्रपति असरफ घानीले यसबाट अब त्यहाँ शान्तिको आशा बढेको जनाएका छन्।

## स्विजरल्यान्ड

### १३ हजार घाइते

जेनेभा, (एजेन्सी)

अन्तर्राष्ट्रिय रेडक्रस समितिले गाजामा १३ हजार घाइतेको मद्दतका लागि उसका स्वास्थ्य कर्मचारी तल्लीन रहको जनाएको छ। गाजाको स्थिति डरलाग्दो रूपमै गम्भिर रहेको रेडक्रसका मध्यपूर्व प्रमुख रोबर्ट मार्डिनीले बताए। घाइतेमा धेरैलाई गम्भिर चोट लागेको उनले बताए। तीमध्ये कयौंलाई धेरैपटक गोली लागेको उनले जानकारी दिए। रेडक्रसको उक्त बयान आउनुअगाडि मात्रै गाजापट्टी र इजरायल सिमामा एक प्यालेस्टिनीको मृत्यु भएको थियो। प्यालेस्टिनी सूत्रले उनलाई गोली हानिएको जनाएको छ भने इजरायलले सरक्षा घेरा तोड्ने प्रयासका क्रममा भएको एक विस्फोटमा उनको मृत्यु भएको जनाएको छ।

## अमेरिका

### बन्दुकको विज्ञापन बन्द

लस एन्जलस, (एजेन्सी)

सामाजिक सञ्जाल फेसबुकले जुन २१ बाट आफ्नो नीतिमा विशेष परिवर्तन गर्न लागेको छ। आफ्नो वेवसाइटमा बालबालिकालाई बन्दुक र त्योसँग सम्बन्धित विज्ञापन हेर्न बन्द गर्ने कम्पनीले जनाएको छ। अहिलेसम्म फेसबुक प्रयोग गर्नेहरूले बन्दुकको स्कोप, होल्टर, बन्दुकमा लगाउने लाइट, स्लिंग्स, साइटस, बेल्ट, एक्स्ट्रा, सेफको विज्ञापन हेर्न पाइन्छ। तर अब फेसकबुकमा यी विज्ञापन बच्चालाई नदेखाउने व्यवस्था गर्न लागिएको छ। फेसबुकले आफ्नो नीतिहरूमा नियमित समीक्षापछि यो फैसला लिएको जनाएको छ। अमेरिकी स्कुलहरूमा हुने गरेका बन्दुक हिंसालाई ध्यानमा राखी उक्त निर्णय लिइएको उसले जनाएको छ।

# विश्वमा झण्डै सात करोड मानिस विस्थापित : *संयुक्त राष्ट्रसंघ*

न्युयोर्क, (एजेन्सी)

विश्वका विभिन्न राष्ट्रमा जारी रहेको द्वन्द्व, हिंसा र अत्याचारका कारण सन् २०१७ को उत्तरार्द्धसम्ममा करिब ६ करोड ८५ लाख व्यक्ति विस्थापित हुन पुगेको संयुक्त राष्ट्रसंघद्वारा हालै प्रकाशित एक प्रतिवेदनमा जनाइएको छ। यसरी आफ्नो देश वा क्षेत्रबाट विस्थापित हुनेमा अधिकांश म्यानमार र सिरियाका जनता रहेको सो प्रतिवेदनमा उल्लेख गरिएको छ।

उक्त अवधिमा विश्वभरिबाट विस्थापित हुने व्यक्तिको संख्या अघिल्लो वर्षको तुलनामा ३० लाखले वृद्धि भएको पनि सो प्रतिवेदनमा जनाइएको छ। विगत एक दशकको तुलनामा यस तथ्यांकमा करिब ५० प्रतिशतले नै वृद्धि भएको पाइएको छ। एक दशकमात्र अघि यो सख्या चार करोड २७ लाख रहेको संयुक्त राष्ट्रसंघले सो प्रतिवेदनमा जानकारी दिएको छ।

विस्थापितहरूको यो संख्या १० वटा देशको मात्र तथ्यांकबाट लिइएको जेनेभामा प्रतिवेदन प्रस्तुत गर्ने क्रममा संयुक्त राष्ट्रसंघीय शरणार्थी मामिलाका उच्च आयोगका आयुक्त फिलिपो ग्रान्डीले बताएका छन्।

सिरियामा सात वर्षसम्म जारी द्वन्द्वको क्रममा ६३ लाख व्यक्ति देश छोडेर विदेशमा शरणार्थी बन्न बाध्य भएका छन्। यो संख्या विश्वभर रहेका शरणार्थीहरूको तुलनामा तीन भागको एक भाग हुन आउँछ।

त्यसैगरी सिरियामा अरू करिब ६२ लाख व्यक्ति सिरियाभित्र नै आन्तरिक रूपमा विस्थापित भएका छन्। सिरियामा साउदी अरेबियाको नेतृत्वमा रहेको गठबन्धन फौजले आक्रमण जारी राखेको छ। यसै गरी शरणार्थी संख्याको विषयमा सन् २०१७ मा गरिएको अध्ययनअनुसार दोस्रो स्थानमा अफगानिस्तान परेको छ। अफगागिस्तानमा विगतका वर्षको तुलानामा सन् २०१७ मा शरणार्थीका रूपमा विस्थापित भएर देश छोड्न बाध्य भएका नागरिकको संख्यामा पाँच प्रतिशतले बढेको पाइएको छ।

यस अर्थमा अफगानिस्तानमा सन् २०१७ मा २६ लाख अफगानी शरणार्थी बन्न विदेशिन बाध्य भएका छन्। तर अहिले अफगानिस्तानमा संघर्षरत तालिवान लडाकूहरूले आश्चर्यजनक रूपमा मुश्लिमहरूको पवित्र चाड इदको उपलक्ष्यमा तीनदिने युद्धविराम घोषणा गरेर त्यहाँ शान्ति स्थपना हुनसक्ने संकेत दिएका छन्। अफगानिस्तानका राष्ट्रपति असरफ घानीले लामो समयदेखि तालिवानसँग शान्तिवार्ताका लागि प्रयास गर्दै आएका थिए।

यसैगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकालाई कुनै पनि हालतमा आप्रवासीको शिविर बन्न नदिने घोषणा गरेका छन्। अहिले अमेरिकामा मेक्सिकोबाट अवैध ढंगले अमेरिका प्रवेश गर्ने खोज्ने आप्रवासीहरूमाथि कडा नीति लिइएको छ।

यस्ता आप्रवासीहरूलाई हिरासतमा राखि कारबाही अघि बढाइने गरेकाले तिनीहरूका झण्डै २ हजार बालबालिका अलपत्र अवस्थामा पुगेका छन्। बालबालिकाको बिजोग गरेको भन्दै अमेरिकी पूर्वप्रथम महिला लाउरा बुशले सोमबार ट्रम्प सरकारको कडा आलोचना गरेकी थिइन्।

राष्ट्रपति ट्रम्पले भने आप्रवासी नीतिकै कारण जर्मनहरू आफ्ना नेता चान्सलर एन्जेला मर्केलको विरोधमा उत्रिन थालेको प्रतिक्रिया दिएका छन्।



# मेलानियाद्वारा आप्रवासीका बच्चालाई मातापिताबाट अलग्याउने नीतिको विरोध



वासिङ्टन, (एजेन्सी)

अमेरिकी सीमामा विस्थापित परिवारका बच्चालाई उनका मातापिताबाट अलग्ग गर्ने विवादास्पद मुद्दामा अमेरिकी प्रथम महिला मेलानिया ट्रम्प राष्ट्रपति डोनाल्ड ट्रम्पकै नीति विरुद्ध देखिएकी छिन्।

यस मुद्दामा डेमोक्र्याटिक सांसदहरूले आवाज चर्काइरहेको बेला प्रथम महिला नै त्यसको विरुद्धमा अगाडि आएकी छिन्। उनले उक्त राजनीतिक नीति रोक्न अनुरोध गरेकी छिन्। यस नीतिले सबैभन्दा मेक्सिकोका विस्थापित परिवार प्रभावित भइरहेका छन्।

अमेरिकाका राष्ट्रपति ट्रम्प प्रशासनले अवैध आप्रवासीलाई लिएर 'जिरो टोलोरेन्स'को नीति लागू गरेको हो। यसलाई लिएर दुवैतर्फका राजनीतिक पक्षमा आक्रोस देखिएका छन्। विशेष गरी अमेरिकामा पिता दिवश मनाइरहेको प्रसंगमा यस मुद्दालाई लिएर अझ तिखो प्रतिक्रियाहरू भइरहेका छन्। ट्रम्पले मातापिता र बच्चाको अगलाव अन्त्य गर्न चाहेको तर यो संकटका लागि विपक्षी डेमोक्र्याटस जिम्मेवार भएको उनले दोहोर्‍याए।

आलोचकहरूले भने उक्त संकट ऊ आफैंले सिर्जना गरेको बताएका छन्। ट्रम्पकी पत्नी मेलानिया प्राय राजनीतिक मामिलामा हस्तक्षेपकारी भूमिकामा आएकी छैनन्। उनले ट्रम्प प्रशासनको यो नीतिको निन्दा गरेको पनि छैन तर मुद्दाको समाधानका लागि दुबैलाई पक्ष आप्रवासी नीतिमा सुधार गर्न उनले जोड दिएकी छन्।

मेलानियाका प्रवक्ता स्टेफनी ग्रिसामले सीएनएनसँगको साक्षात्कारमा भनिन- मेलानियालाई बच्चाहरू उनको परिवारबाट अलग्ग भएको हेर्न मनपरेको छैन। दुबै पक्षले सफलतापूर्वक आप्रवासी संकट समाधानमा सुधार गर्न अन्तत एकजुट हुनेमा उनले अपेक्षा गरेको जानकारी दिएकी छन्।

अमेरिकाका महान्यायधिवक्ता जेफसेसनले अवैध रूपमा मेक्सिकोबाट आएका सबै विस्थपितहरूलाई गिरफ्तार गर्न सक्ने फैसला दिएका थिए। त्यसमा बच्चालाई जेल हाल्न नसक्ने भएकाले गिरफ्तार भएका मातापिताबाट अलग्ग गरिएका थिए।

# किमद्वारा पुनः चीनको गोप्य भ्रमण



बेइजिङ, (एजेन्सी)

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन दुई दिने औपचारिक भ्रमणका लागि चीन आइपुगेका अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले चिनियाँ सरकारी टेलिभिजनलाई उद्धृत गर्दै जनाएको छ।

यो वर्षको किमको यो तेस्रो चीन भ्रमण हो। रोयटर्सले किम चीन आइसकेको दावी गरे पनि चीनको अखवार पिपुल्स डेली चाइनाले किमले १९ जुनदेखि २० जुनसम्म चीनको भ्रमण गर्न लागेको भन्दै ट्विटरमार्फत् जानकारी गराएको छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसंग १२ जुनमा सिंगापुरमा भेटेर कोरियाली प्रयाद्वीपमा आणविक निशस्त्रीकरण गर्ने बारे किमले सहमति जनाएका थिए। उक्त ऐतिहासिक शिखरवार्ता सम्पन्न भएको एकसाता नबित्दै उनी चीन गएका हुन्। उनको यसपटकको चीन भ्रमण पनि अत्यन्तै गोप्य राखिएको देखिन्छ। किनभने अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यसबारे कुनै औपचारिक समाचार प्रकाशमा ल्याउन सकिरहेका छैनन्। जापानको निकेइ एसियन रिभ्युले अमेरिकी राष्ट्रपति ट्रम्पसँग भएको वार्ताबारे चिनियाँ राष्ट्रपति सी जिन पिङलाई प्रत्यक्ष जानकारी गराउन किम चीन जान लागेका विभिन्न स्रोतलाई उद्धृत गर्दै जनाएको छ।

यसअघि किमको भ्रमण सम्पन्न भइसकेपछि मात्र चीन र उत्तर कोरियाका सरकारी सञ्चारमाध्यमले उक्त भ्रमणबारे समाचार सार्वजनिक गर्ने गरेका थिए। तर यसपालि भने भ्रमण शुरू हुनुअगाडि नै समाचार चुहावट भएको सीएनएनले जनाएको छ। सीएनएनले पनि चीनको आधिकारिक सरकारी समाचार निकाय सिन्हवालाई उद्धृत गर्दै किमले चीन भ्रमण गर्न लागेको खवर सार्वजनिक गरेका हुन्।

# 'अन्तरिक्ष सेना' गठन गर्ने ट्रम्पको घोषणा

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनामा छैठौं शाखा बनाउन चाहेको र त्यो अन्तरिक्ष सेना 'स्पेस फोर्स ' हुने बताएका छन्। देशको सुरक्षाका लागि अन्तरिक्षमा अमेरिका उपस्थितिमा मात्र सीमित नरहेर शक्तिशाली र प्रभावशाली हुनुपर्ने ट्रम्पले बताए। उनले यो फरक सेना हनु र यसले देशको सुरक्षा बढ्ने मात्र नभएर नयाँ रोजगारी पनि सिर्जना हुने र अर्थव्यवस्थामा पनि सुधार आउने उनले बताए।

ट्रम्पले रुस वा चीन जस्ता कुनै अन्य देशलाई यस मामिलामा अब्बल बन्न नदिने प्रतिवद्धता पनि व्यक्त गरेका छन्। ट्रम्पले घोषणामा भने- 'यो अत्यन्त महत्त्वपूर्ण हो। म रक्षा विभाग र पेन्टागनलाई अमेरिकी सेनाको छैठौं शाखाका रूपमा स्पेस सेना तयार गर्ने विषयमा तत्काल काम शुरू गर्न निर्देशन दिन्छु। वायु सेनबाहेक पनि अमेरिकाको अर्को सेना हुनेछ, अन्तरिक्ष सेना। जुन अलग्ग हुनेछ तर वायुसेना समान हुनेछ।

राष्ट्रिय अन्तरिक्ष परिषद्सँगको हुन लागेको बैठकअगाडि एक प्रेस सम्मेलनमा ट्रम्पले उक्त कुरा राखेका हुन्। ट्रम्पले भने- 'मैले डिसेम्बरमा उक ऐतिहासिक आदेशमा हस्ताक्षर गरेको थिएँ। मैले सन् १८७२ पछि अमेरिकीलाई फेरि चन्द्रमामा लिएर जाने भेनको थिएँ।' यो पटक हामी चन्द्रमामा झन्डा गाडेर र पाइलाको डोब छोडेर मात्र आउने होइन, लामो समयसम्म त्यहाँ बसिरहने हो।

हामी आफ्नो अर्थव्यवस्था विस्तार गर्नेछौं र पुन: मंगलग्रहमा जानका लागि आफ्नो अभियान शुरू गर्नेछौं। यो अब वास्तवमा चाँडै हुनेछ। ट्रम्पले देशमा तिव्र रूपमा विकास भइरहेको व्यावसायिक अन्तरिक्ष उद्योगसँग मिलेर अगाडि बढ्न तयार रहेको संकेत पनि दिएका छन्। धनी नागरिकलाई देशको सम्पत्तिको प्रयोग गरी रकेट प्रक्षेपण गर्न अनुमति दिने उनले बताए। सेनाको नयाँ शाखा बनाउनका लागि अमेरिकी कांग्रेसले यस सम्बन्धमा एक कानुन पनि पारित गर्नुपर्नेछ। जसले उनको फैसलालाई वैधता दिनेछ।

